# गोरखापत्र संस्थान

## धर्मपथ, काठमाडौँ

## १९ (उन्नाइस) थान A.C. (Air Conditioner) खरिद गर्ने बारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सिलबन्दी दरभाउपत्र सूचना नं. ०६/०७८/०७९**

**(प्रथम पटक प्रकाशित मिति : २०७८।११।२६)**

**यस संस्थानलाई सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिएको स्पेसिफिकेसन अनुसारको १९ (उन्नाइस) थान A.C. (Air Conditioner) आवश्यक परेकाले सो सामान संस्थानको केन्द्रीय कार्यालय धर्मपथ काठमाडौँमा डोर डेलिभरी मूल्यमा सप्लाई गर्न चाहने इच्छुक रजिस्टर्ड फर्म वा कम्पनीहरूबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।**

१. सिलबन्दी दरभाउपत्र पेस गर्नका लागि संस्थानबाट बिक्री हुने दरभाउपत्र फाराम रु.१,०००/-(एक हजार) तिरी फिर्ता नहुने गरी संस्थानको खरिद शाखाबाट प्राप्त गर्न सकिनेछ।
२. सिलबन्दी दरभाउपत्र पेस गर्दा खाम बाहिर गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौँ नामले सम्बोधन गर्नुपर्नेछ र १९ (उन्नाइस) थान A.C. (Air Conditioner) सप्लाइ सम्बन्धी कार्यको सिलबन्दी दरभाउपत्र भन्ने प्रस्ट उल्लेख गर्नुपर्नेछ।
३. दरभाउपत्र दाताले मिति २०७८/१२/११ गते अपरान्ह १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र यस संस्थानमा बुझाउनुपर्नेछ। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट बुझाउन सकिनेछ। रीत नपुगेका, सर्तहरू राखिएका तथा म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारबाही गरिनेछैन।
४. इजाजत प्राप्त सप्लायर्स र फर्महरूले सामान उत्पादन गर्ने कम्पनी र ब्रान्ड समेत उल्लेख गर्नुपर्नेछ।
५. दरभाउपत्रमा कबोल गरेको रकम (भ्याट बाहेक) अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।
६. दरभाउपत्र दाताले दरभाउपत्रको साथमा फर्म दर्ताको प्रमाणपत्र, आयकर, भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी लाहाछाप लगाई बुझाउनुपर्नेछ। साथै आ.व.०७७/०७८ सम्मको कर चुक्ताको प्रमाणपत्र समेत पेस गर्नुपर्नेछ।
७. सिलबन्दी दरभाउपत्र साथ संस्थानले माग गरेको धरौटी रकम (बिडबन्ड) बापतको रकम रु. ४६,०००/- (छयालीस हजार रुपियाँ मात्र) संस्थानको नेपाल बैंक लिमिटेड, काठमाडौँ अफिस स्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००००१ मा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा वाणिज्य बैंकहरूको जमानत पत्र दरभाउपत्र साथ पेस गर्नुपर्नेछ। बैंक जमानत पत्र (बिड सेक्युरिटी) को समयावधि कम्तीमा दरभाउपत्र खोलेको मितिबाट १०५ दिनको हुनुपर्नेछ।
८. प्राप्त दरभाउपत्रहरू सूचना अवधिको अन्तिम दिन अर्थात् २०७८/१२/११ गते दिउँसो १:०० बजे संस्थानको बैठक कक्षमा दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ। उपस्थित प्रतिनिधि अख्तियारनामा सहित उपस्थित हुनुपर्नेछ।
९. माथि जुनसुकै कुरा लेखिएको भएता पनि दरभाउपत्र दातालाई कुनै कारण जनाउ नदिइकन पनि दरभाउपत्र आंशिक वा पूरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानसँग सुरक्षित रहनेछ।
१०. स्वीकृत दरभाउपत्र दाताले दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्रमा संस्थानमा उपस्थित भई सम्झौता गर्नुपर्नेछ। उक्त म्यादभित्र उपस्थित नभएमा वा सम्झौता नगरेमा निजको धरौटी रकम जफत गरी सामान खरिद गर्न अर्को व्यवस्था गरिनेछ।
११. दरभाउपत्र स्वीकृत भई दरभाउपत्र दाताले दिएको सामानहरू संस्थानले माग गरेको स्पेसिफिकेसन अनुसारको नभएमा सो सामान संस्थानले दरभाउपत्र दातालाई फिर्ता गर्न सक्नेछ।
१२. स्वीकृत दरभाउपत्र दाताले सम्झौता भइसकेपछि कबुलियत बमोजिमको सामान नबुझाएमा संस्थानले सम्झौता भङ्ग गरी धरौटी रकम जफत गर्नेछ। यसरी सामान उपलब्ध गर्दा सम्झौता गरिएको भन्दा जे-जति बढी पर्दछ सो बढी रकम दरभाउपत्र दातासँग असुल उपर गरिनेछ।
१३. दरभाउपत्र दाताले यस संस्थानबाट बिक्री गरेको दरभाउपत्र फाराममा मूल्य सूची, कार्य सम्पन्न आपूर्ति समय तालिका प्रस्टसँग उल्लेख गर्नुपर्नेछ।
१४. यस सूचनामा नपरेका अन्य विषय नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम हुनेछ।

### सिलबन्दी दरभाउपत्रको विवरण

| S.N. | Description | Capacity | Quantity | Bid Security Amount | Tender Form Amount |
|---|---|---|---|---|---|
| 1. | Air Conditioning Units | 1 TR | 3 | Rs. 46,000/- (Fourty Six Thousand) | Rs. 1,000/- (One Thousand) |
| 2. | Air Conditioning Units | 1.5 TR | 3 | | |
| 3. | Air Conditioning Units | 2 TR | 13 | | |

**नोटः यो सूचना गोरखापत्र संस्थानको वेबसाइट www.gorkhapatraonline.com मा पनि हेर्न सकिनेछ।**

**गोरखापत्र संस्थान**
**खरिद शाखा**
**धर्मपथ, काठमाडौँ, फोन नं: ४-२४४४३७**